# ऊर्जा मन्त्रालय

मन्त्रालय र मातहतका समेत ८ कार्यालयको विनियोजन रु.१ अर्ब ४६ करोड ४९ लाख, राजस्व रु.१ अर्ब ७९ करोड ९१ लाख र धरौटी रु.१ अर्ब २४ करोड ४१ लाखसमेत रु.४ अर्ब ५० करोड ८१ लाखको लेखापरीक्षण सम्पन्न भएको छ । मन्त्रालय मातहतका संगठित संस्था १ को रु.२ खर्ब १५ अर्ब २३ करोड ३२ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **अनुगमन** - विगतका प्रतिवेदनमा समावेश भएको ६६ जिल्ला विकास समितिलाई प्रदान गरिएको सशर्त अनुदान रु. ६० करोड २१ लाख विद्युत क्षेत्रको विकास, उत्पादन, वितरण र विस्तारमा खर्च नगरेको, सोको प्रगति तथा उपलब्धि विवरण उपलब्ध नभएको, सप्तकोशी उच्च बाँध बहुउद्देश्यीय आयोजना तथा सुनकोशी स्टोरेज कम डाइभर्सन आयोजनाको भारत सरकारको स्रोत सोझै भुक्तानीतर्फ खर्च भएको रु.६ करोड ३८ लाख ९९ हजारको लेखापरीक्षण प्रतिवेदन पेश नभएको लगायतका व्यहोरामा यो वर्ष पनि सुधार भएको छैन । विगतका व्यहोरा पुनरावृति नहुने व्यवस्था गरिनुपर्दछ ।

२. **छुट सुविधा सिफारिस** - विद्युत ऐन, २०४९ को दफा १२ मा आयोजनालाई कर, भन्सार, मूल्य अभिवृद्धि कर छुट र सटही सुविधा उपलब्ध गराउन सकिने व्यवस्था छ । विद्युत विकास विभागबाट जलविद्युत आयोजना सर्वेक्षण, उत्पादन, वितरण र प्रसारण अनुमतिपत्र प्राप्त गरेका प्रवर्द्धकलाई २०७२।७३ मा छुट सुविधा सिफारिस गरेको विवरण माग गरिएकोमा विद्युतका उपकरण, ट्रान्सफरमरलगायतका सामग्रीमा रु.११ अर्ब ९१ करोड ६० लाख छुट सुविधा सिफारिश गरेको देखिन्छ ।

नेपाल विद्युत प्राधिकरण र विद्युत उत्पादन गर्ने योजनाहरुको मागका आधारमा भन्सार महसुल र मूल्य अभिवृद्धि कर छुटका लागि सम्बन्धित भन्सार कार्यालय र विदेशी मुद्रा भुक्तानी सुविधाका लागि नेपाल राष्ट्र बैङ्कलाई सिफारिस गरी पठाउने गरेको छ । कर छुटको लागि सिफारिस भएका सामानहरु नेपालमा उत्पादन हुन सक्ने/नसक्ने यकिन नगरी सिफारिस गरेको छ । यसरी गरेको सिफारिसअनुसार कार्य भए नभएको सम्बन्धमा अनुगमनसमेत गरेको छैन ।

३. **विद्युत प्रसारण लाइन** - विद्युत ऐन, २०४९ को दफा २१ बमोजिम उत्पादकले उत्पादन गरेको विद्युत एकमुष्ट बिक्री गर्न चाहेमा राष्ट्रिय ग्रिडमा समावेश हुने गरी नेपाल सरकारले खरिद गर्न गराउन सक्ने व्यवस्था छ । प्राप्त विवरणअनुसार २०६५।१०।१३ देखि हालसम्म ३३ के.भी. देखि ४०० के.भी. को विद्युत ट्रान्समिसन लाइनको सर्वे गर्नको लागि विभिन्न १०७ कम्पनीलाई लाइसेन्स प्रदान गरेको छ । त्यस्तै विद्युत ट्रान्समिसन लाइनको उत्पादन गर्न निजी कम्पनी २० र नेपाल विद्युत प्राधिकरणलगायत ३६ समेत विभिन्न ५६ विद्युत कम्पनीबाट राष्ट्रिय ग्रिडमा जोड्न तथा आफैले वितरण कार्य गर्न लाइसेन्स दिएको छ । राष्ट्रव्यापीरुपमा उत्पादित विद्युत राष्ट्रिय ग्रिडमा जोड्न राष्ट्रिय विद्युत प्रसारण लाइनको व्यवस्था र स्पष्ट नीति समेत नभएको हुँदा विद्युत उत्पादनको लाइसेन्स लिएका विद्युत कम्पनीले उत्पादन गर्न आलटाल गरेको, विद्युत उत्पादन गरिसकेका ४० मेगावाटको खानीखोला, ४.३६ मेगावाटको तुगुन ठोस्नेखोला र २ मेगावाटको खानीखोला जलविद्युत कम्पनीको विद्युत राष्ट्रिय ग्रिडमा जडान नभएको हुँदा पूर्णरुपमा खरिद नभै खेर गएको अवस्था छ ।

४. **अनुमतिपत्र रद्द** - विद्युत ऐन, २०४९ को दफा ४(२) मा अनुमति प्राप्तिको लागि दरखास्त परेकोमा विद्युतको सर्वेक्षण अनुमतिपत्रको हकमा तीस दिनभित्र र विद्युतको उत्पादन, प्रसारण वा वितरण अनुमतिपत्रको हकमा एक सय बीस दिनभित्र अनुमतिपत्र दिनुपर्ने व्यवस्था छ । हालसम्म विभिन्न १४३ कम्पनीले सर्वे लाईसेन्सको लागि निवेदन दिएकोमा ९६ लाई र ११७ कम्पनीले ३ हजार ३४१ मेगावाट विद्युत उत्पादनको लागि निवेदन दिएकोमा १०० कम्पनीलाई २ हजार ३९७ मेगावाट विद्युत उत्पादन गर्न स्वीकृति दिएको छ । बाँकी सबै निवेदनलाई स्वीकृति पनि नदिएको र खारेज पनि नगरी प्रक्रियामा रहेको भनी निवेदन यथास्थितिमा राखेको पाइयो । ऐनले तोकेको अवधिमा अनुमित दिएको छैन  प्राप्त निवेदन उपर अध्ययन गरी अनुमति प्रदान गर्ने र प्रक्रिया नपुगेका निवेदनलाई खारेज गरी अनुमति प्रदान प्रक्रियालाई व्यवस्थित बनाउनुपर्दछ ।

५. **विद्युत उत्पादक कम्पनीको प्रगति स्थिति -** विद्युत नियमावली, २०५० को नियम २१ अनुसार उत्पादन अनुमति प्राप्त गरेको मितिले एक वर्षभित्र भौतिक रुपमा कार्य शुरु गर्नुपर्नेमा प्राप्त विवरणअनुसार हालसम्म १०४ कम्पनीलाई २ हजार २०४ मेगावाट विद्युत उत्पादन गर्न लाइसेन्स प्रदान गरेकोमा ९६८ मेगावाट विद्युत उत्पादन गर्ने ७९ कम्पनीले निर्माण कार्य शुरु गरेका छैनन् । यसरी अनुमति दिएका कम्पनीको अनुगमन गर्ने, परियोजना सञ्चालनमा भएका वाधा अवरोध निराकरणका लागि विभागले समय समयमा अनुमगन मूल्याङ्कन गरी कार्य प्रारम्भ नहुनाको कारण पहिचान सहितको प्रतिवेदन तयार गर्ने गरेको छैन । लाइसेन्स लिई काम नगर्ने र गर्न नपाउने स्थिति रहेकोले विभागबाट स्पष्ट नीति तय गरी आवश्यक कारवाही गर्नुपर्दछ ।

६. **विद्युत योजना -** विद्युत ऐन, २०४९ को दफा ३५ मा नेपाल सरकारले कुनै व्यक्ति वा संस्थासित करार गरी विद्युत उत्पादन, प्रसारण वा वितरण गर्न गराउन सक्ने व्यवस्था छ । नेपाल सरकारले समय समयमा गरेको अध्ययनबाट २३८ परियोजनाको १४ हजार ११७ मेगावाटको विद्युत उत्पादन गर्न सम्भाव्य देखिएकोमा लागत र विद्युत उत्पादनका दृष्टिले आर्कषक योजना कार्यान्वियन हुनुपर्दछ ।

७. **रोयल्टी असुली -** विद्युत ऐन, २०४९ को दफा ११ मा जलविद्युतको व्यापारिक उत्पादनको लागि अनुमतिपत्र प्राप्त व्यक्तिले नेपाल सरकारलाई रोयल्टी बुझाउनुपर्ने व्यवस्था छ । विभागले विभिन्न ५१ जल विद्युत आयोजनाबाट उत्पादित र जडित क्षमताको आधारमा २०७१।७२ को बाँकीसमेत रु.१ अर्ब ६५ करोड ३६ लाख ४९ हजार रहेकोमा यो वर्ष रु.१ अर्ब ५८ करोड ४४ लाख १६ हजार असुल भै रु.९ करोड १५ लाख २५ हजार असुल गर्न बाँकी छ । रोयल्टी नबुझाउने विद्युत उत्पादक कम्पनीलाई कुनै कारबाही हुने गरेको छैन । तीन वर्षसम्म ढिलो गरी रोयल्टी दाखिला गर्दा पनि कुनै ब्याज तथा जरिबाना लगाएको देखिएन । रोयल्टी बापतको राजस्व ढिलो बुझाउने कम्पनीलाई ब्याज तथा जरिबाना लगाउन कानुनी व्यवस्था गर्नुपर्ने देखिन्छ ।

## बुढीगण्डकी जलविद्युत आयोजना

८. **लक्ष्य तथा प्रगति -** राष्ट्रिय गौरवको यस आयोजनाबाट गोरखा र धादिङ जिल्लाको सीमामा रहेको बुढीगण्डकी नदीमा जलाशययुक्त बाँध बनाएर १ हजार २०० मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य रहेको देखिन्छ । सो आयोजना ८ वर्षभित्र सम्पन्न गर्ने गरी २०६९ मा स्थापना भई सञ्चालनमा रहेको छ । यो आयोजनाको लागत अमेरिकी डलर २ हजार ५९२ मिलियन हुने उल्लेख छ । प्रति अमेरिकी डलरको रु.१०७।३३ ले आयोजनाको लागत नेपाली मुद्रामा रु.२ खर्ब ७८ अर्ब १९ करोड हुने देखिन्छ । सो आयोजना सञ्चालनको मोडालिटी (विकास समिति, कम्पनी वा अन्य) स्वीकृत भइनसकेको, गठन आदेशको दफा १८ मा समितिले आवश्यक नियम बनाउन सक्ने व्यवस्था गरे तापनि नियम तर्जुमा भइनसकेको, समितिमा पूर्णकालीन कर्मचारीको व्यवस्था हुन नसकेको स्थिति देखियो । हालसम्म वित्तीयतर्फ रु.१ अर्ब २७ करोड ( ५.०६ प्रतिशत) खर्च र भौतिकतर्फ ५.११ प्रतिशत प्रगति भएको छ ।

९. **न्यून प्रगति -** आयोजना सञ्चालनको लागि आवश्यक जग्गा प्राप्त गर्न यो वर्ष रु.२ अर्ब ९० करोड विनियोजन भएकोमा रु. ३ करोड ९९ लाख (१.३८ प्रतिशत) खर्च भएको छ । आयोजनाको लागि आवश्यक पर्ने गोरखा र धादिङ जिल्लाको करिब ६० हजार रोपनी जग्गा अधिग्रहण गर्न २०७२।१२।२० र २१ गतेको गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशन भएकोमा २०७३।९।२० को गोरखापत्रमा मूल्याङ्कन दर निर्धारणको सूचना जारी भएको छ । समयमा जग्गाको दर निर्धारण नहुँदा मुआव्जा वितरण हुन नसकेको देखियो । जग्गा प्राप्त नगरी निर्माण कार्य शुरु नहुने हुँदा जग्गा खरिद कार्य यथाशीघ्र टुंग्याउनुपर्दछ ।

१०. **विस्तृत योजना तर्जुमा -** आयोजनाको सम्भाव्यता अध्ययन तथा विस्तृत डिजाइनको लागि एक विदेशी परामर्शदातासँग डिसेम्बर २, २०१२ मा युरो ४२ लाख ७ हजार ८ सय ४ र स्थानीय मुद्रा रु.४७ करोड ९ लाखको सम्झौता भएकोमा २०७२।७३ सम्म युरो ३७ लाख ५६ हजार ३५२ र स्थानीय मुद्रातर्फ रु.४४ करोड ७१ लाख भुक्तानी भैसकेको छ । आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृतिको लागि ऊर्जा मन्त्रालय पठाएकोमा लेखापरीक्षणको अवधि (२०७३ कार्तिक मसान्त) सम्म स्वीकृत भएको देखिएन । वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत नभएसम्म आयोजनाका अन्य कार्यहरु अगाडि बढाउन कठिनाइ पर्ने हुँदा यथाशीघ्र सो प्रतिवेदन स्वीकृत गरी आयोजनाको कार्य अगाडि बढाउनुपर्ने देखिन्छ । साथै परामर्शदाताले ३० महिनाभित्र सम्पूर्ण काम सक्ने गरी सम्झौता भएकोमा ४९ महिनाको घरभाडा र गाडी

भाडा महिनाको भुक्तानी भएकोले रु.३१ लाख ९२ हजार बढी भुक्तानी भएको छ । सम्झौता अवधिभन्दा बढी अवधिको सुविधा दिने गरी सम्झौता गर्नु मनासिव देखिएन ।

११. **नोक्सानी सोधभर्ना –** राष्ट्रिय सङ्कट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणापत्र र कार्ययोजना, २०७२ को बुँदा नं १९ मा विद्यमान विद्युत आयातमा घाटा रकम शोधभर्ना दिने कार्यक्रमअन्तर्गत भारतबाट सन् २०१४ जुलाईदेखि २०१५ नोभेम्बरसम्मको विद्युत आयात गरी आपूर्ति गर्दा हुन गएको नोक्सानीबापत रु.३ अर्ब ९६ करोड ७७ लाख शोधभर्ना दिने मन्त्रिपरिषद्को २०७३।३।१६ को निर्णय कार्यान्वयन अवस्थाको परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्:

११.१. अवधारणापत्रमा विद्युत वितरण प्रणालीमा रहेको अत्यधिक प्राविधिक र अप्राविधिक चुहावट नियन्त्रण गर्न विद्युत संरक्षण कार्यक्रम सञ्चालन गर्ने उल्लेख भएकोमा लेखापरीक्षणमा पेस भएका विवरणबमोजिम २०७२।७३ मा २५.७८, २०७१।७२ मा २४.४४ र २०७०।७१ मा २४.६४ प्रतिशत प्रशारण तथा वितरण नोक्सानी देखिएको छ । विश्वको औसत विद्युत चुहावट ८ प्रतिशत रहेको र मध्यम आय भएका मुलुकको औसत चुहावट १० प्रतिशत रहेको छ । राज्यको ऊर्जा संकट निवारण गर्ने सन्दर्भमा विद्युत प्रसारण तथा वितरणमा हुने प्राविधिक र अप्राविधिक चुहावट नियन्त्रण हुनुपर्दछ ।

११.२. लोडसेडिङ बढ्न नदिन भारतबाट विद्युत आपूर्ति गर्ने र नोक्सानी नेपाल सरकारले नेपाल विद्युत प्राधिकरणलाई शोधभर्ना दिँदै आएको छ । प्राधिकरणले यो वर्ष १ अर्ब ७८ करोड ७१ लाख युनिट विद्युत रु. ५।५१ देखि रु.८।७२ प्रति युनिटका दरले खरिद गरी सोमा २५ प्रतिशत चुहावटबापत ४४ करोड ६८ लाख युनिट विद्युत नोक्सानी कट्टा गरी बाँकी १ अर्ब ३४ करोड ३ लाख युनिट प्रति युनिट रु.८।०४ दरले बिक्री गर्दा रु.३ अर्ब ९६ करोड ७७ लाख नोक्सान भएको छ । नोक्सानी माग दाबी गरेकोमा कार्ययोजनामा उल्लिखित नीतिबमोजिम ऊर्जा मन्त्रालयले खरिद दर र बिक्री दरको फरक रकमबाट पर्ने घाटा निर्क्योल गरी शोधभर्नाका लागि मन्त्रिपरिषद्मा पठाउनुपर्नेमा प्राधिकरणबाट भएको चुहावट र सञ्चालन (प्रशारण तथा वितरण) घाटासमेत समावेश गरी २५ प्रतिशत नोक्सानी शोधभर्नाका लागि प्रस्ताव पेस गरेको देखियो । यसबाट कार्ययोजनामा उल्लेखित नीतिको पालना नभई विद्युत प्रशारण र वितरण नोक्सानीसमेत शेयर लगानी गरी शोधभर्ना दिएको छ ।

११.३. जुलाई २०१४ देखि मार्च २०१५ सम्म ९४ करोड ९७ लाख युनिट विद्युत आयात गरिएकोमा २५ प्रतिशतले हुने २३ करोड ७४ लाख युनिट नोक्सानी देखाएको पाइयो । प्राधिकरणको २०७१।७२ को लेखापरीक्षणबाट देखिएको उक्त अवधिको खुद प्रणाली घाटा २४.४४ प्रतिशतले हुने २३ करोड २१ लाख युनिटको नोक्सानी दाबी नगरी २५ प्रतिशतले २३ करोड ७४ लाख युनिटको दाबी गर्दा ५३ लाख युनिटको रु.८।०४ को दरले रु.४ करोड २८ लाख  बढी शोधभर्ना हुन गएको देखियो ।

मन्त्रिपरिषद्को २०७३।३।१६ को निर्णयमा अबदेखि विद्युत नोक्सानीबापत थप रकम नदिने र विद्युतको मूल्य तत्काल समायोजन गर्नेसमेत शर्त राखी अर्थ मन्त्रालयमार्फत शोधभर्ना दिएको देखिन्छ । ऊर्जा मन्त्रालयको २०७३।७।२९ को पत्रबाट पुन: डिसेम्बर २०१५ देखि अगष्ट २०१६ सम्मको यस्तै प्रकृतिको नोक्सानी रु.३ अर्ब २६ करोड ३८ लाख शोधभर्ना गराउन अर्थ मन्त्रालयमा सिफरिस गरेकोले प्राधिकरणलाई यसप्रकारको थप रकम नदिने मन्त्रिपरिषद्को निर्णय विपरीत सिफारिस गर्न मनासिब देखिएन।

## संगठित संस्था

### नेपाल विद्युत प्राधिकरण (२०७१।७२)

१२. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** प्राधिकरणको शेयर पुँजी रु.४९ अर्ब २७ करोड, जगेडा कोष रु.२३ अर्ब ७३ करोड ऋणात्मक, दीर्घकालीन दायित्व रु.९८ अर्ब ९५ करोड र चालु दायित्व रु.६५ अर्ब ५ करोडसमेत कुल पुँजी तथा दायित्व रु.१ खर्ब ८९ अर्ब ५४ करोड रहेको छ । सम्पत्तितर्फ स्थिर सम्पत्ति रु.१ खर्ब ६२ अर्ब ४ करोड र चालु सम्पत्ति रु.२७ अर्ब ५० करोड रहेको छ ।

गत वर्षसम्मको रु.२० अर्ब २४ करोड सञ्चित नोक्सानमा यो वर्षको रु.५ अर्ब ५१ करोड थप भई रु.२५ अर्ब ७५ करोड पुग्न गएको छ । नेपाल सरकारको निर्णयले २०६७।६८ मा रु २७ अर्ब १९ करोड सञ्चित नोक्सानीलाई मिनाहा दिएको थियो ।

१३. **ऊर्जा नोक्सानी -** यस वर्षको ऊर्जा उपलब्धि र वितरण स्थिति निम्नानुसार छः

| वितरण | उपलब्धि (गिगावाट आवर) | | | वितरण (गिगावाट आवर) | | | चुहावट प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | उत्पादन | खरिद | जम्मा | आन्तरिक खपत | बिक्री | चुहावट | |
| २०७०।७१ | २२९८ | २३८९ | ४६८७ | ३६ | ३४९६ | ११५५ | २४.६४ |
| २०७१।७२ | २३६७ | २६३९ | ५००६ | ३९ | ३७४४ | १२२३ | २४.४४ |
| वृद्धि प्रतिशत | ३.०० | १०.४६ | ६.८१ | ८.३३ | ७.०९ | ५.८९ | -०.८१ |

प्राधिकरणको यो वर्षको ऊर्जा नोक्सानी विगत वर्षभन्दा ०.२२ प्रतिशतले सुधार भई २४.४४ प्रतिशत रहेको छ । यो वर्षमात्र ऊर्जा नोक्सानी रु.९ अर्ब ९८ करोड ३० लाख (औसत बिक्री दर रु. ८.१६) रहेको हुँदा नियन्त्रण गरिनुपर्दछ ।

१४. **अन्तर कार्यालय हिसाब -** अन्तर कार्यालय हिसाबमा रु.५९ करोड २३ लाखको फरक देखिएकोले हिसाब समायोजन गर्नुपर्दछ ।

१५. **स्थिर सम्पत्ति -** स्थिर सम्पत्ति स्थानान्तरणको हिसाब मिलान भइनसकेको कारणले स्थिर सम्पत्तिको मूल्य रु.३७ करोड ५ लाख बढी देखाएको छ । सबै कार्यालयहरुमा रु.८६ अर्ब ४९ करोड ३८ लाख बराबरको स्थिर सम्पत्तिको भौतिक परिक्षण भएको पाइएन ।

१६. **निर्माणाधीन सम्पत्ति -** आर्थिक तथा प्रशासन विनियमावली, २०६८ को विनियम ३६ बमोजिम व्यवस्थापनले निर्माणाधीन सम्पत्तिको भौतिक परीक्षण गर्ने गरेको पाइएन । विगत केही वर्षदेखि निर्माणाधीन सम्पत्तिमा देखाँउदै आएको रु.५४ करोड ८७ लाखको १५४ आयोजनामा कुनै थप कार्य प्रगति भएको छैन । निर्माणाधीन सम्पत्तिमा लेखाङ्कन गरेको रु.१ करोड ७४ लाख बराबरको ४ आयोजनाको भौतिक अस्तित्व रहेको पाइएन । निर्माणाधीन सम्पत्तिमा ऋणात्मक मौज्दात रु.७ करोड ८६ लाख देखिएको छ । कार्य सम्पन्न भइसकेका रु.६९ करोड ३२ लाख बराबरको २७ आयोजनाको सम्पत्ति पुँजीकरण गरेको पाइएन ।

१७. **लगानी -** नेपाल विद्युत प्राधिकरणले सूचीकृत भएका तथा नभएका कम्पनीहरुको शेयरमा लगानी र ऋण तथा धरौटी अर्न्तगत वर्षान्तमा खुद रु.१७ अर्ब ५४ करोड लगानी गरेको देखिएको छ । जसमा एक प्रा. लि. को रु.२३ लाख बराबरको रकमको लागि सम्पूर्ण रकम व्यवस्था गरेको छ । त्यसैगरी एक हाइड्रो कम्पनीको शेयरमा रहेको लगानी रु.२ करोड ८८ लाख  लेखाङ्कन गरेको छैन । विभिन्न ८ कम्पनी र अवकाश कोषमा गरेका शेयर लगानीको रु.२ अर्ब ९५ करोडको शेयर प्रमाणपत्र लेखापरीक्षणमा उपलब्ध भएन ।

१८. **जिन्सी मौज्दात -** नेपाल लेखामान ४ बमोजिम जिन्सी मौज्दातको मूल्याङ्कन लागत मूल्य वा खुद प्राप्य मूल्य मध्ये घटी मूल्य लेखाङ्कन गर्नुपर्नेमा काम नलाग्ने तथा हराएका जिन्सी मौज्दात रु.४ करोड ८२ लाख, बेचल्ती सामानको लागि व्यवस्था गरेको रु.३३ करोड १४ लाख बराबरको बेचल्ती सामानहरुको मौज्दातलाई समायोजन गरी व्यवस्था गरेको पाइएन ।

१९. **महसुल बक्यौता -** गत वर्षको तुलनामा विद्युत महसुल बक्यौता १०.४३ प्रतिशतले वृद्धि भई रु.९ अर्ब ९६ करोड पुगेको छ । यसबाहेक लिन बाँकी रकममध्ये विगतमा शंकास्पद व्यवस्था गरेको रु.५६ करोड ७० लाखलाई यो वर्ष जिम्मेवारी मात्र सारी समायोजन गरेको पाइएन । आय शाखा र लेखाले देखाएको बक्यौता हिसाब मिलान नभएकाले लेखामा रु.२६ करोड ६६ लाख बढी देखिएको छ ।

२०. **नगद तथा बैङ्क -** आर्थिक विनियमावली, २०६८ अनुरुप मासिक रुपमा बैङ्क हिसाब मिलान विवरण तयार गर्ने गरेको पाइएन । विभिन्न बैङ्क खातामा रहेको रु.७३ करोड ४८ लाखको बैङ्क स्टेटमेन्ट र बैङ्क समर्थन प्रमाणपत्र उपलब्ध भएन । साथै फिर्ता दिनुपर्ने धरौटी दायित्व र धरौटी बैङ्क मौज्दातमा रु.१४ करोड १० लाख फरक देखिएकोमा सोको हालसम्म पनि हिसाब मिलान गरेको पाइएन । मार्गस्थ नगद मौज्दातमा रु.३०

करोड ४७ लाख देखिएको मध्ये रु.२३ करोड ९२ लाख प्राधिकरणको कर्पोरेट फाइनान्स विभाग अन्तर्गत रहेको पाइयो । उक्त रकममध्ये रु.१ करोड ६९ लाख २०६८।६९ भन्दा अघिबाट जिम्मेवारी सार्दै आइरहेको कारण सो रकमको राफसाफ गर्नुपर्दछ । प्राधिकरणको २५ कार्यालयमा रु.१ करोड ९४ लाख बराबरको नगद तथा बैंक मौज्दात ऋणात्मक रहेकोमा सो को हालसम्म हिसाब मिलान भएको पाइएन ।

२१. **पेश्की तथा लिन बाँकी -** यस वर्षको अन्तमा पेश्की तथा लिन बाँकी रु.३ अर्ब ७७ करोड ९१ लाख देखाएको छ । जस अन्तर्गत शंकास्पद व्यवस्था जनाएको रु.८ करोड ८६ लाखको विवरण लेखापरीक्षण अवधिमा उपलब्ध हुन सकेन । लिन बाँकी रकमको सम्बन्धित असामीबाट समर्थनपत्र मागे तापनि २०७३।५।३ सम्म उपलब्ध भएको पाइएन । दातृ राष्ट्र डेनमार्कको अनुदान सहायताबाट सञ्चालित कैलाली-कञ्चनपुर ग्रामीण विद्युतीकरण आयोजनामा खर्च भएको रकममध्ये वितरण लाइन तथा ट्रान्सफर्मरको खर्च रु.१७ करोड १५ लाख सम्बन्धित उपभोक्ता समूहबाट मासिक बिलमा किस्ता रकम समावेश गरी असुल गर्ने र ढीला भएमा २ प्रतिशत ब्याज समेत अशुल गर्ने सम्झौता भएकोमा २०६४/६५ पछि उपभोक्ता समूहबाट कुनै रकम उठाएको छैन ।

२२. **शेयर पुँजी -** नेपाल सरकारको स्वामित्वमा रहेको शेयर पुँजी रु.३७ अर्ब ३६ करोड ४९ लाखको नेपाल सरकारबाट समर्थनपत्र उपलब्ध भएन । शेयर बाँडफाँड सस्पेन्स खातामा देखाएको रु.१३ अर्ब १३ करोड ८० लाखको महालेखा नियन्त्रक कार्यालयसँग हिसाब मिलान हुन बाँकी रहेको देखिन्छ । गत आर्थिक वर्षको तुलनामा यो वर्ष इक्विटी शेयर रु.१ अर्ब १४ करोड ६३ लाख (४.३८ प्रतिशत) ले बढेको छ । शेयर सस्पेन्स हिसाबमा रु.५ अर्ब ९९ करोड २३ लाखले वृद्धि भएको छ ।

२३. **जगेडा कोष -** उपकरण तथा सम्पत्तिका लागि उपभोक्ताको योगदानबापत प्राप्त रु.१ अर्ब ५६ करोड ४४ लाख पुँजीगत जगेडा कोषमा देखाएको छ । प्राधिकरणको लेखा नीतिअनुसार उपभोक्ताको योगदानबाट सिर्जित सम्पत्तिको ह्रास उक्त जगेडा कोषमा मिलान गर्दै जानुपर्नेमा सो गरेको पाइएन ।

२४. **विद्युत बिक्रीको लेखाङ्कन -** लेखा शाखाले देखाएको विद्युत बिक्री आय शाखाले देखाएको भन्दा रु.२ करोड २८ लाख बढी देखिन्छ । विद्युत बिक्री प्रतिवेदनमा उल्लेख भएको बिक्री युनिट विद्युत नोक्सानी प्रतिवेदनमा उल्लेख भएको बिक्री युनिट भन्दा ४ करोड ८५ लाख युनिटले कम देखिएको छ । विविध आम्दानीमा रु.१० करोड २० लाख कम लेखाङ्कन भएको पाइयो ।

२५. **ऐनको पालना -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार यदि कुनै व्यक्तिले कारोबार गरेको वस्तुमा कर लाग्ने भएमा दफा १५ बमोजिम कर सङ्कलन गरी कर कार्यालयमा दाखिला गर्नुपर्ने प्रावधान छ । जस अनुरुप २०७१।७२ मा रु.१ अर्ब १७ करोड ७९ लाख करयोग्य कारोबार गरेको भए तापनि मूल्य अभिवृद्धि करबापत रु.१५ करोड ३१ लाख उठाउनुपर्नेमा मू.अ.कर बीजक जारी गरेको पाइएन ।

२६. **चमेलिया जलविद्युत आयोजना -** चमेलिया जलविद्युत आयोजना २०६३ पौषदेखि शुरु भई २०६८ पौषमा सम्पन्न हुनुपर्नेमा २०७२ चैत्रसम्म म्याद थप भएको छ । आयोजनाको २०७१।७२ सम्म भौतिक प्रगति ९४.९९ प्रतिशत रहेको देखिन्छ । आयोजनाको अनुमानित लागत रु.८ अर्ब ५० करोड भएकोमा ओभरहेड वृद्धि, मूल्य वृद्धि र भेरिएसनका कारण संशोधित करारको मूल्य रु.१५ अर्ब ६ करोड पुग्न गएको छ । निर्माण व्यवसायीसँग भएको करारमा प्रोलङ्गेसन मूल्यको व्यवस्था नभए तापनि सो अन्तर्गत २०७१।७२ मा रु.२२ करोड २३ लाख लेखाङ्कन गरेकोले बढी भुक्तानी हुनजाने देखिन्छ ।

२७. **कुलेखानी तेस्रो जलविद्युत आयोजना –** आयोजनको अनुमानित लागत रु.२ अर्ब ४३ करोड बाट रु.४ अर्ब २३ करोड पुग्न गएको छ । साथै आयोजनाको अनुमानित अवधि ४४ महिनाबाट ७४ महिना पुग्न गएको छ । लागत तथा समयमा भएको अत्याधिक वृद्धिले प्राधिकरणको सक्षमता देखिएन ।

आर्थिक प्रशासन विनियमावली, २०६८ को विनियम ९७ अनुसार प्रक्रिया पूरा नगरी बिना बिल, भरपाई आयोजनाबाट सामाजिक विकासमा रु.१ करोड ८० लाख खर्च गरेको छ ।

२८. **सामुदायिक विद्युतीकरण -** सामुदायिक विद्युतीकरण योजनाका लागि विनियोजित रकममध्ये रु.३८ करोड ७० लाख अन्य प्रयोजनमा खर्च गरेको पाइयो । त्यस्तै स्थलगत निरिक्षण गर्दा रु.८ करोड ३९ लाख ७० हजारको जिन्सी मौज्दात भौतिक अवस्थामा नरहेकोले छानबिन गरी सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

२९. **३३ के.भी. आयोजना -** यस आयोजनाको लागि विनियोजित रकममध्ये रु.८८ करोड ३६ लाख अन्य प्रयोजनमा खर्च भएको पाइयो । विभिन्न आयोजनाको लागि प्राप्त रु.२० करोड ५० लाख सम्बन्धित आयोजनामा खर्च भएको पाइएन । विभिन्न आयोजनामा खरिद गरेको रु.६ करोड बराबरका जिन्सी मौज्दातहरु भौतिक अवस्थामा नरहेको र विवरणको अभावमा खपत भएको वा स्थानान्तरण भएको भनी यकिन पनि गर्न सकिएन ।

३०. **नलसिङगाड जलविद्युत आयोजना** – यस आयोजनाले वातावरणीय अध्ययन तथा सम्भाव्यता अध्ययन सम्वन्धि कार्य गर्न सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ८१(१) अनुसार लागत तथा गुणस्तर विधिवाट खरीद गर्ने गरी प्राविधिक तथा वित्तिय प्रस्ताव आह्वान गरेको थियो । उक्त कार्यको लागि घटी कबोल गर्ने परामर्शदाताको प्राविधिक मूल्याङ्कनको प्राप्ताङ्क ६६.५०१ र बढी कबोल गर्नेको प्राप्ताङ्क ७०.३१२ रहेको व्यहोरा आर्थिक तथा प्राविधिक प्रस्तावको मूल्याङ्कन प्रतिवेदनमा उल्लेख छ । तर आर्थिक र प्राविधिक प्रस्तावको संयुक्त मूल्याङ्कन गर्दा कुल प्राप्ताङ्क ८१.५०१ प्राप्त गर्ने एक परामर्शदाताको कबोल अङ्क रु.८४ करोड ८९ लाख र कुल प्राप्ताङ्क ८१.९९४ भई बढी कबोल गर्ने अर्को परामर्शदाताको कबोल अङ्क रु.१ अर्ब ९ करोड रहेको छ । संयुक्त मूल्याङ्कनमा सामान्य बढी अङ्क प्राप्त गरेको आधारमा बढी कबोलवालाको आर्थिक प्रस्ताव स्वीकृत हुँदा रु.२४ करोड ११ लाख बढी दायित्व परेको छ । प्राविधिक मूल्याङ्कनको आधार लेखापरीक्षणको लागि प्राप्त भएन ।

- **बेरुजू स्थिति -** मन्त्रालय मातहतसमेत ८ निकायमा यो वर्ष रु ३७ करोड १४ लाख ८० हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.६३ हजार फछ्र्यौट गरेकोले ३७ करोड १४ लाख १७ हजार बाँकी रहेको छ । सोमध्ये रु.१० करोड ९ लाख २५ हजार पेश्की बाँकी रहेको छ ।